मध्यपश्चिम विश्वविद्यालय

**परीक्षा व्यवस्थापन कार्यालय**

वीरेन्द्रनगर, सुर्खेत

**सत्रान्त परीक्षा २०८२**

| | | | |
|---|---|---|---|
| **विषय: नेपा.५४१** | **आधुनिक नेपाली निबन्ध सिद्धान्त, इतिहास र पाठ** | | पूर्णाङ्क: ६० |
| **तह: स्नातकोत्तर** | सेमेष्टर: चौंथो | समय: ३ घण्टा | उत्तीर्णाङ्क : ३० |

*परीक्षार्थीले सकेसम्म आफ्नै शब्दमा मौलिक उत्तर लेख्नुपर्नेछ ।*

**तल दिइएका प्रश्नहरूको अतिसंक्षिप्त उत्तर दिनुहोस् :** १०×१=१०

१. 'दाडिमको रुखनेर' निबन्धसङ्ग्रहका रचनाकार को हुन् ?

२. 'गलबन्दी' कसले लेखेको निबन्धसङ्ग्रह हो ?

३. निबन्धलाई जनाउन प्रयोग गरिने अर्को शब्द कुन हो ?

४. 'निबन्ध' शब्दमा प्रयोग हुने धातु कुन हो ?

५. 'निबन्ध विकीर्ण/छरिएको चिन्तन हो।' भनेर परिभाषित गर्ने विद्वान् को हुन् ?

६. नेपाली निबन्ध साहित्यमा 'हास्यव्यङ्ग्य सम्राट' भनेर चिनिने स्रष्टा को हुन् ?

७. 'जमर्काहरू' कसले लेखेको निबन्धसङ्ग्रह हो ?

८. 'एब्सट्र्याक्ट चिन्तन प्याज' नामक निबन्धका स्रष्टा को हुन् ?

९. निबन्ध शब्दमा प्रयोग हुने उपसर्ग कुन हो ?

१०. 'जय भुँडी' कसले लेखको निबन्धसङ्ग्रह हो ?

**कुनै तीन प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् :** ३×८=२४

११. निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका मूलभूत निबन्धात्मक प्रवृत्तिहरू उल्लेख गर्नुहोस् ।

१२. आधुनिक नेपाली निबन्धको तृतीय चरणका मुख्य मुख्य प्राप्ति र प्रवृत्तिहरू केलाउनुहोस् ।

१३. निबन्धकार भैरव अर्याललाई हास्यव्यङ्ग्यपरक निबन्धकारका रूपमा चिनाउनुहोस् ।

१४. वि.सं.१९९० को दशकदेखि नेपाली निबन्धमा देखा परेको आधुनिक चेतनामाथि प्रकाश पार्नुहोस् ।

**कुनै दुई प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् :** २×१३=२६

१५. निबन्धको सैद्धान्तिक परिचय दिई यसका तत्वहरूको छोटो चिनारी प्रस्तुत गर्नुहोस् ।

१६. नेपाली निबन्धको प्रथम र द्वितीय चरणमा देखापर्ने मूलभूत प्राप्ति र प्रवृत्तिको लेखाजोखा गर्नुहोस् ।

१७. निबन्धकार तारानाथ शर्माका निबन्धात्मक प्रवृत्तिहरू केलाउँदै 'बैकिनीका आँसुमा डुब्छ बयलपाटा' निबन्धको विषयवस्तुमाथि प्रकाश पार्नुहोस् ।